# दशांश

खीष्टमा विश्वासको जग निर्माण गर्नको निम्ति सर्व प्रथम एउटा नयाँ विश्वासीले खीष्ट येशूलाई आत्मिक घरको कुनाको मुख्य शिर ढुंगाको रूपमा मानिलिएर साथै व्यक्तिगत मुक्तिदाता ठानेर क्रमैसंग अगमबक्ता,। भविष्यबक्ता, प्रेरितहरू, शिक्षकहरूको ठीक अगुवाईमा वचन बुझ्नमा, सेवामा, संगतिमा र शिक्षामा बनिदै जानु नै पहिलो कदम र कर्तब्य हो । प्रत्येक नयाँ विश्वासीले आफ्नो प्रभुको आज्ञापालन गर्न अनि आत्माको मालिकलाई खुशी राख्न पर्दछ । उहाँले सिकाउनुभएको ईश्वरीय सिद्धान्त र ज्ञानलाई विश्वासीले जान्नु अनि बुझ्नु मात्रै नभएर सो कुरामा अथवा त्यस वचन अनुसार जीवन जिउँनु, हिड्नु विश्वासीको जीवन परिवर्तन हुनु हो । शिक्षाको सम्बन्धमा धेरै शिक्षा मध्ये एउटा मुख्य सिक्नु पर्ने सिदान्त यो हो कि परमेश्वर कुन-कुन कुराको अधिकारी हुनुहुन्छ । यस विषयमा यसो भनौं जब हामी खीष्टियन बन्छौं तब हामीसंग भएको कति चिजहरू उहाँका हुन् ? यस विषयमा हामीले राम्ररी ध्यान पुऱ्याइ विचार गर्नु जरूरी छ । किनकि विश्व र विश्वमा भएका सबथोक उहाँ कै हो । परमेश्वरको वचनले यो बताउँछ कि मानिसले जे जति पाउँछ वा प्राप्त गर्छ त्यसको "दशअंश" परमेश्वरको आफ्नो भाग हो जुन कुरा उहाँलाई फर्काउनु पर्छ । यसरी आफ्नो मासिक आयको दश प्रतिशत भाग परमेश्वरलाई चढाउने (फर्काउने) कुरालाई "दशांश" भनिन्छ । यो दशांश परमेश्वरले स्वर्गमा लानु हुन्न तर यहीं नै आवश्यकतामा परेका व्यक्तिहरूलाई वा मण्डलीको कुनै पनि काममा दिनुहुन्छ । त्यसर्थ यसमा तर्क वा वादविवाद गर्ने प्रश्नै छैन किनकि यो त स्वेच्छाले दिने र सृष्टिका सृजनाहारलाई आदर स्वरूप चढ़ाउने भेटी नै हो । यसरी हामी जान्दछौं कि प्रभुको प्रमुख सिद्धान्तहरू मध्ये "दशांश" दिनु पनि एउटा प्रमुख सिद्धान्त हो । प्रत्येक विश्वासी तथा खीष्टियन संस्था यसैमा आधारित छ । "दशांश" भनेको त्यो भाग हो जसमा एउटा विश्वासी व्यक्तिको आफ्नो आयस्रोत चाहे रूपैया पैसा, भूमि वा भूमिको उब्जनीहरू, पशुपक्षी पालनको आयस्रोतहरू अथवा कुनै पनि भौतिक आयस्रोतहरू सबैको दशअंश दिनु हो । कसैले आफ्नो कमाई वा सम्पतीको अधिकारी नभई केही पनि प्रभुलाई दिन सक्दैन यद्यपी त्यसमा अधिबाटै दशअंश चाहि प्रभुको हो । यो प्रभुकै हो र अलग गरिदिने काम मात्रै हाम्रो हो । निसंकोच

“दशांश” भनेको प्रभुलाई दिनु होइन तर त्यसको [illegible]

वास्तवमा परमेश्वरले दिनु भएर नै मानिसले पाउन सक्छ नत्र उ खाली हात हुन्छ । त्यसकारण हामीहरूले इमान्दारीसंग उहाँको भाग अलग छुट्टाउनु पर्दछ । यसरी हामीले राम्ररी निहालेर हेरेर विश्वास गर्न सक्छौ । यदि नब्बे (९०) प्रतिशत चाँहि आफ्नो मानिसहरूलाई दिएर केवल दश (१०) प्रतिशत आफू लिनु हुन्छ भने साँचै उहाँ भलो परमेश्वर हुनुहुन्छ ।

यस्ता दशांशमा यदि कसैले सापटी लिन चाहान्छन् भने उसलाई बीस (२०) प्रतिशतको हिसाबले दिन सकिन्छ । यो बीस (२०%) प्रतिशत चाँहि प्रतिवर्ष लाग्ने ब्याज वा कुनै व्यापरिक दृष्टिकोणले दिने होइन तर उसको अर्को आयस्रोतले त्यो दशअंश नफर्काइन्जेल सम्मलाई दिन सकिन्छ । दशांश नदिनु चाँहि परमेश्वरलाई ठग्नु वा लुट्नु हो । परमेश्वरले यो हेर्नु हुन्छ कि विश्वासीले खुशी र आनन्दित मनले दिनेछन् वा बेफाईदाका खर्च गर्ने नियत हुँदा-हुँदै दिन्छन् । विश्वासीहरूले “दशअंश” नदिएको कारणले अनावश्यक आर्थिक समस्याहरूलाई निमत्याउँदछन् । परमेश्वर यो चाहानु हुन्छ कि विश्वासीहरू उहाँको राज्यमा नियमित रूपमा दशांश दिएर अनुशासित बनुन् । याद गर्नुहोस् दशांश भनेको दिइएको होइन पहिलेबाटै जति तिर्नु थियो त्यो कटाएको मात्र हो । अर्को शब्दमा नब्बे (९०) प्रतिशत मात्र त्यो विश्वासीको भाग हो र बाँकि दश प्रतिशत चाँहि परमेश्वर नै त्यस भागको अधिकारी हुनुहुन्छ । साथै परमेश्वरले विश्वासीलाई यो सँधै याद दिलाउन चाहनु हुन्छ कि सबै प्रकारका आयमा उहाँ दश प्रतिशत (१०%) आयको अधिकारी हुनुहुन्छ ।

विश्वासीहरूमा प्राय एउटा प्रश्न उठ्छ कि दशांश कहाँ जान्छ त ? हुनत यो वास्तवमा परमेश्वरको निजी अधिकार हो र यो उहाँकै आफ्नो निजी मामला पनि हो । उहाँ पूरा रूपमा स्पष्ट हुनुहुन्छ कि यसमा विश्वासीले प्रभुको भागमा दखल दिनु कुनै असल काम पनि त होइन । यसैले प्रभुको भण्डारमा दशांश ल्याउनु विश्वासीको परम कर्तब्य हो । साथै यस प्रश्नको उत्तर हामीले यसै पाठमा राम्ररी पढ्यौं भने पाउने छौं ।

प्रभु येशू यस संसारमा मानवरूपमा आउनु भन्दा अघि यस प्रकारको दशांश भण्डार स्थानीय मन्दिरहरूमा नै गरिन्थ्यो । जस्तैः- लेवी वा पूजारीहरू त्यसबाट नै विभिन्न पूजा र बलिदानहरू गर्थे र जीवन यापन गर्थे । तर जब प्रभु येशू नै ती

भागमा च्यातियो । फलस्वरूप परमेश्वरको आत्माले शारीरिक बलिदानको कार्य समाप्त गरेर यरूशलेमको पवित्रताको महापवित्र शारिरीक बलिको कार्यलाई सदाको निम्ति पूरा गर्नुका साथै बन्द पनि गर्नुभयो । यसरी त्यस किसिमको दशांश भण्डारलाई मन्दिरमा जम्मा गर्ने प्रथा रोकियो ।

आज यस्ता दशांशको भण्डारहरू चाँहि मण्डली, चर्च अथवा विश्वासीहरूको एकत्रित हुने स्थानहरू हुन् जहाँ विश्वासीहरूले आत्मिक खाना पाउँछन् । विश्वासीको आत्मिक बृद्धिको श्रोत चाँहि परमेश्वरको भण्डार हो । आत्मिक आशिषको भण्डार भएको खातिर निरन्तर सेवालाई अघि बढाउँन शारीरिक-परिश्रमिक सहयोग वा दशांशको आपेक्षा राख्दै अतिमक भण्डारको बृद्धि गर्ने क्रम यसरी पूरा हुन्छ । त्यस भण्डार वा सेवा घरले विश्वासीको आत्मिक खाँचो पूरा गर्नुका साथै त्यस स्थानको र व्यक्तिको पनि कमिघटीलाई पूरा गर्ने काम गर्छ । जसमा खीष्ट येशूको मण्डलीको कार्य पूरा हुँदै जान्छ । खीष्ट येशूको यस कार्यलाई निरन्तर अघि बढाउने क्रममा उदारणहरूका लागि ती यस्ता कामहरू छन् :- जस्तै- प्रचारको दौडधुपमा लाग्ने खर्च, गरीब दु:खी र असहायका लागि दिने केही खर्च, छपाईको खर्च, भोका-नाङ्गहरूका लागि लुगाफाटा र खानेकुराहरूको खर्च, असहाय विरामीहरूकालागि यथासक्य व्यवस्थाको खर्च आदि... । यस बाहेक मण्डलीका वा संस्थाका पाष्टर, एल्डर, डिकन, घर हेरचाह गर्ने व्यक्ति, संगीतकार, प्रतिनिधीहरू जो जति त्यहाँ रहन्छन् ती सबैको व्यवस्था र खर्च पनि त्यस "भण्डार" बाटै नै पूरा हुन्छ । यसमा एउटै मात्र व्यक्ति वा परिवार वा सिङ्गो झुण्ड पनि हुन सक्छ । अर्थात् यस कुराको वर्णन गर्दा कुनै सिमित अर्थ वा गन्तीभित्र यसलाई राखिदैन । तर पनि सरल कुरा यही हो कि त्यो "भण्डार घर" हो । जहाँबाट हामी आत्मिक खानाको श्रोत पाउँछौं । यसैकारण परमेश्वरको भण्डार घरमा प्रत्येक विश्वासीले आफ्नो आयस्रोतको दशांश नियमित रूपमा अर्थात् ठीक-ठीक समयमा ल्याउनु अति आवश्यक छ ।

".... यसरी मलाई जाँचेर हेर कि म स्वर्गको झ्यालहरू उघारेर अटाँउने ठाउँ पनि नहुने सम्मका आशिष तिमीहरूमाथि बर्षाउँछु कि बर्षाउँदिन सेनाहरूका परमप्रभु भन्नुहुन्छ ।" (मलाकी ३:१०)

क्रमश: अन्तिम पातामा →

पवित्र धर्मशास्त्र बाइबलद्वारा उल्लेखित तल लेखिएका वचनहरुले "दशांश" सम्बन्धमा स्पष्टसंग बोल्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| उत्पति | ४ : ४ | उत्पति | १४ :१८–२० | लेवि | २६ : ३०–३३ |
| गन्ती | १८ : २६ | व्यवस्था | १२ : ६,१७ | व्यवस्था | १४ :२२–२८ |
| २ इतिहास | ३१ : ६ | नहेम्या | १० : ३७ | नेहम्या | १२ : ४४ |
| नहेम्या | १३ : ५ | मलाकी | ३ : १० | | |
| लूका | ११ : ४२ | कोरन्थी | ८ : ७–१४ | मत्ति | २३ : २३ |

परमेश्वरको सिद्धान्तलाई बुझ्न वा मानिलिनलाई कुनै पनि व्यक्तिले सर्वप्रथम परमेश्वरको प्रकाशदिने आत्मालाई आफ्नो हृदयमा ठाउँ दिनु पर्दछ ।

जब जब तपाँई विश्वासमा बढ्दै जानु हुन्छ आफ्नो सृष्टिकर्ता परमेश्वरको संसारिक भण्डार घरमा पनि ईमान्दारपूर्वक आफ्नो दशांस चढाउदै आफ्नो प्राणको गोठालो, सर्वशक्तिमान मालिकको आदर गर्नु हुन्छ भने निश्चय नै शतप्रतिशत उहाँको हर प्रकारको आशिष तपाईको जीवनमा आउनेछन्, वर्षनेछन् । उहाँको आज्ञा पालना गर्नु अनि उहाँको सिद्ध इच्छालाई र सिद्धान्तलाई निरन्तर पछ्याउनु नै उहाँ कृपानिधान परमपिताको स्वर्गीय स्वभावलाई तपाईले आफ्नो जीवनमा प्राप्त गर्नु हो । त्यसर्थ कृपया आउनुहोस ! आफ्नो स्वर्गीय आशिषहरुलाई यस धरतीदेखि नै बटुल्नुहोस् । त्रिएक परमेश्वरलाई महिमा ।

आमेन !